# गैडहवा गाउँपालिका

## ५ नं. वडा कार्यालय

विष्णुपुरा,रुपन्देही

५ नं.प्रदेश

प.स.०७७/०७८

च.न.२८५

मिति २०७७।६।२१

विषयः हकदावी सम्वन्धी सूचना ।

जिल्ला रुपन्देही साविक बर्गदवा-३,विष्णुपुरा-७ हाल गैडहवा-५ गिदहिया वस्ने लालु उपाध्यायको बुहारी अचलु उपाध्यायको श्रीमती प्राणपति उपाध्यायको मिति २०७६।११।२५ गते मृत्यु भएको हुदा निज मृतकको भोगचलन ऐ विष्णुपुरा जग्गा ऐ.ऐ.वस्ने प्रमेश्वरको नाति राधेरमण उपाध्यायको छोरा जय प्रकाश उपाध्याय,हरि प्रकाश उपाध्याय,दिनेश कुमार उपाध्यालाई मालपोत कार्यालय रुपन्देही पारित गरि दिनु भएको शेषपछिको बकसपत्र अनुसार मृत्यु प्रमाणपत्र पाउँ भनी ५ नं. वडा कार्यालयमा दिनु भएको निवेदन सम्वन्धमा कार्यालयबाट खटीगएको सर्जमिन टोलीले सम्वन्धीत ठाउको स्थलगत सर्जमिन गरी बुझ्दा निज मृतक प्राणपति उपाध्यायको एकमात्र छोरी भएको र निजको सामाजिक परम्परा अनुसार विवाह भारत उत्तरप्रदेश ग्राम हसनपुरमा भएको निज मृतकको बृद्‌धावस्थाको रेखदेख, सेवा टहल, औषधी उपचार र मृत्यु पछिको हिन्दुधर्म संस्कार अनुसार काजक्रिया,पिण्डदान समेत निवेदक जय प्रकाश उपाध्याय, हरि प्रकाश उपाध्याय र दिनेश कुमार उपाध्यायले संयुक्त रुपमा गरेको भनी खुल्न आएकोले तपाइ छोरीको नाउमा मृत्यु दर्ता सम्वन्धी ३५ दिने हकदावीको सूचना प्रकाशित गरिएको छ । हकदावी पुग्ने कागजातको स-प्रमाण सहित उल्लेखित म्याद भित्र दावी गर्नु होला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा सूचित गरिन्छ ।

इति सम्वत् २०७७ साल असोज २१ गते रोज ४ मा शुभम्---------------------------

२०७७।६।२१

वडा सचिव